नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
योजना तथा अनुगमन शाखा

फोन: ०१.६६३१०७५
फोन: ०१.६६३३६२३
फोन: ०१.६६३५१३४

सानोठिमी, भक्तपुर

पत्र संख्याः २०७८।०७९ (यो. तथा अ.)
च. नं. ४६

मितिः २०७८।०७।१४

**विषयः आ.व. २०७८।०७९ को वार्षिक कार्यक्रम अभिमुखीकरण सम्बन्धमा।**

**श्री शिक्षा विकास तथा समन्वय इकाई**
**सवै।**

प्रस्तुत विषयमा यस केन्द्रको चालु आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गत आ.व. २०७७।०७८ को प्रगति समीक्षा र चालु आ.व. २०७८।०७९ मा प्रदेश तह, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई मार्फत सञ्चालन हुने कार्यक्रम कार्यान्वयन सम्बन्धमा निम्न मिति, समय र स्थानमा हुने अभिमुखीकरण कार्यक्रममा तपसिलको विवरण सहित इकाई प्रमुख स्वयं उपस्थित भइदिनु हुन यस केन्द्रको मिति २०७८।०७।१४ को निर्णय अनुसार अनुरोध छ।

**तपसिल**

**अभिमुखीकरण कार्यक्रम हुने**

मिति : २०७८।०७।२६ र २७ गते
समय : विहान ठीक ०८:०० बजेदेखि
स्थान : आदर्श मा.वि. को सभा हल, मध्यपुरठिमी न.पा. सानोठिमी, भक्तपुर

२०७८।७।१४
**रामप्रसाद शर्मा**
शाखा अधिकृत

**अभिमुखीकरण कार्यक्रममा सहभागि हुन आउँदा अनिवार्य रुपमा लिइ आउनुपर्ने विवरणहरुः**

१. गत आ.व. २०७७।०७८ मा कार्यसम्पादन अनुदान, ससर्त अनुदान र शिक्षकको समयावधि (Teacher Time on Task- TST) प्राप्त गर्ने विद्यालयहरुको नाम नामेसी र प्राप्त गरेको अनुदान रकम खुलेको छुट्टाछुट्टै विवरण
२. गत आ.व. २०७७।०७८ को भौतिक तथा वित्तीय प्रगति विवरण
३. आ.व. २०७७।०७८ को वार्षिक स्थीति प्रतिवेदन
४. गत आ.व. २०७७।०७८ को प्रमाणित आर्थिक विवरण, आ.व. २०७७।०७८ को आ.ले.प. प्रतिवेदन तथा जिल्लाको वेरुजुको पछिल्लो अवस्था, चालु आ.व. २०७८।०७९ का लागि वेरुजु फछर्यौटको ठोश कार्ययोजना र सम्परीक्षण तथा फछर्यौटका लागि तयार भएको वेरुजु विवरण
५. दरवन्दी मिलानको पछिल्लो अवस्था र चालु आ.व. २०७८।०७९ मा दरवन्दी मिलान कार्य सम्पन्न गर्ने ठोश कार्ययोजना
६. गत आ.व. २०७७।०७८ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको प्रगति विवरण
७. वाढि, पहिरो, डुवान र अन्य प्राकृतिक कारणबाट विद्यालयमा भएको क्षतिको विस्तृत विवरण
८. गत शैक्षिक सत्र २०७७ मा विद्यालय शिक्षामा परेको कोभिड १९ को प्रभाव र चालु शैक्षिक सत्रको अवस्था
९. यस केन्द्रको च.नं. ४५ मिति २०७८।०७।०७ गतेको पत्र अनुसार एकिन भएको स्थानीय तहगत विद्यालय तथा बालबिकास केन्द्रहरुको विवरण
१०. जिल्ला भित्रका सवै स्थानीय तहको शिक्षा शाखामा काम गर्ने कर्मचारीहरुको सम्पर्क नम्वर र इमेल ठेगाना
११. जिल्लाका असल अभ्यास र संभावना
१२. मुख्य मुख्य समस्या र चुनौतिहरु
१३. केन्द्रका लागि केही सुझाव भए सो समेत

*__पुनश्चः__ उल्लिखित विवरणको इलेक्ट्रोनिक कपी __योजना तथा अनुगमन शाखा__को इमेल ठेगाना __planning.cehrd@gmail.com__ मा पठाइदिनु हुन अनुरोध छ।*